मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २९ ◆ अङ्क : १९६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ जेठ २० गते आइतवार (Sunday, 2 Jun . 2024) नेपाल सम्वत् ११४४ Web : www .purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## एघार दिनपछि मनसुन भित्रिने पूर्वानुमान

**काठमाडौँ, जेठ १९।** जल तथा मौसम विज्ञान विभागले यस वर्षको मनसुन भारतको उत्तरपूर्वी भूभाग, बङ्गलादेश, भुटान हुँदै भारतको सिक्किमसम्म आइपुगेको जनाएको छ।

विभागले शनिवार मध्याह्न 'मनसुन आगमन अनुगमन बुलेटिन' प्रकाशन गर्दै नेपालको पूर्वी भूभागमा मनसुन भित्रिन अझै केही दिन लाग्ने देखिएको छ। नेपालको पूर्वी भू-भागमा मनसुन आगमन हुने सरदर मिति जुन १३ रहेको जनाएको छ।

यस वर्षको मनसुनी प्रणालीलाई मौसम पूर्वानुमान

(बाँकी अन्तिम पृष्ठमा)

# 'किसानलाई दूधको पैसा भुक्तानी हुन्छ'

**झापा, जेठ १९।** कृषि, पशुपंक्षी तथा सहकारी मन्त्री ज्वालाकुमारी साहले दूग्ध उत्पादक किसानलाई चाँडै भुक्तानीको व्यवस्था मिलाइने बताएकी छन्।

विश्व दूध दिवसको उपलक्ष्यमा राष्ट्रिय दूग्ध विकास बोर्डद्वारा शनिवार मेचीनगरमा आयोजित कार्यक्रममा उनले सरकारी स्वामित्वको दूग्ध विकास संस्थान र निजी डेरीले किसानबाट खरिद गरेको दूधको महिनौंदेखि भुक्तानी नदिइरहेको गुनासो आएकाले त्यो यथाशीघ्र समाधान गर्न सघाउने बताइन्।




दूग्ध उत्पादक किसानहरुले चाँडोभन्दा चाँडो भुक्तानी पाउनुपर्छ भन्नेमा हामी स्पष्ट छौं- उनले भनिन् -मैले थुप्रै व्यावसायिक किसानको गाईगोठ र डेरी उद्योगहरु अवलोकन गरेकी छु। किसानहरुले दूधको भुक्तानी नपाएको गुनासो सुनाउनु भएको छ। जसरी भए पनि भुक्तानी हुनुपर्छ भन्ने हाम्रो मान्यता हो।

मुलुकमा दूधको उत्पादन बढेको जनाउँदै उनले यसलाई निर्यात गर्न आवश्यक पहल जारी रहेको बताइन्। दूग्ध विकास संस्थानको भण्डारमा रु. एक अर्ब ७५ करोडभन्दा बढी मूल्यको दूग्धजन्य उत्पादन विक्री नभएर थन्किरहेको उनले जानकारी दिइन्।

मुलुकलाई समृद्ध र जनतालाई सुखी बनाउने राष्ट्रिय आकांक्षा पूरा गर्नका लागि दूधमा आत्मनिर्भर भएरमात्र नपुग्ने बताउँदै उनले यसको विदेश निर्यात अपरिहार्य भइसकेको औंल्याइन्। दूधबाट बनेका बस्तुहरु निर्यातका लागि सहज व्यवस्था हुन सके किसानले बेचेको दूधको भुक्तानी गर्न कुनै समस्या नहुने उनको भनाइ थियो।

कोशी प्रदेशकी राज्यमन्त्री सिर्जना राईले दूग्ध पदार्थमा आधारित उद्योग सञ्चालन र बस्तु प्रवर्द्धनमा प्रदेश सरकारले उल्लेखनीय अनुदान दिँदै आएको बताइन्। किसानहरुलाई दूध उत्पादनका आधारमा र व्यावसायिक कृषकहरुलाई गोठ निर्माण र आहार उत्पादनमा अनुदान दिने गरिएको उनले जानकारी दिइन्।

दूग्ध विकास संस्थानका महाप्रबन्धक राजेन्द्रप्रसाद अधिकारीले चरणबद्ध रूपमा किसानको दूधको भुक्तानी गर्ने व्यवस्था मिलाइएको जनाउँदै दुई दिनभित्र नयाँ भुक्तानी रकम आइपुग्ने जानकारी दिए। उनले दूध उत्पादक किसान र व्यवसायीका समस्या समाधानका लागि संस्थानले पहल गर्ने बताए।

कोशी प्रदेश डेरी उद्योग समितिका संयोजक रामचन्द्र उप्रेतीले एक दशकमा कोशी प्रदेशमा ११ वटा ठूला डेरी उद्योग सञ्चालनमा आएका उल्लेख गर्दै प्रदेश सरकारको रु. २० करोड अनुदानमा निजी क्षेत्रका उद्योगीले रु. ३० करोडको लागतमा पाउडर उद्योग स्थापना गरेको जानकारी दिए।

मेचीनगर-१४ दुहागढीस्थित एनएमसी एग्रो फार्ममा आयोजित उक्त कार्यक्रममा उत्कृष्ट डेरी उद्योगका रूपमा एनएमसी डेरी उद्योग, उत्कृष्ट सहकारीका रूपमा चितवनको पिठुवा दूग्ध उत्पादक सहकारी र सुनसरीको कामधेनु दूग्ध विकास सहकारी संस्था, उत्कृष्ट कृषकका रूपमा झापाका राजकुमार तामाङ र मोरङका विज्ञान बस्नेतलाई सम्मान गरिएको थियो।

कार्यक्रममा आर्थिक अभियान पत्रिकाका समाचारदाता प्रशान्त खड्कालाई उत्कृष्ट सञ्चारकर्मीका रूपमा सम्मान गरिएको थियो।

## सामाजिक सञ्जालमा गाली बेइज्जतीका घटना बढे



**झापा, जेठ १९।** सामाजिक सञ्जालमा गाली बेइज्जतीका घटना बढिरहँदा प्रहरीले स्पष्ट कानूनको अभावमा कारबाही गर्न गाह्रो भएको जनाएको छ।

फेसबुक, युट्युबजस्ता सामाजिक सञ्जालको प्रयोग गरी व्यक्तिका चरित्र हत्या गर्ने, अपमानित गर्ने घटनाका उजुरीको संख्या दिनहुँ बढिरहेको प्रहरीले जनाएको छ।

नेपाल प्रहरीको साइबर ब्युरोका प्रवक्ता दीपकराज अवस्थीका अनुसार चालू आर्थिक वर्षमा मात्र गालीबेइज्जती गर्ने खालका पोस्टबारे १५ सय उजुरी दर्ता भएका छन्। विद्युतीय कारोबार ऐनअनुसार यस्ता प्रकृतिका उजुरीमा कारबाही हुने गरे पनि प्रहरीले अझै स्पष्ट कानून बनाउन सरकारलाई आग्रह गरेको छ।

फेसबुक, इन्स्टाग्रामजस्ता सामाजिक सञ्जालका खाता र इमेल ह्याक गरेको उजुरीपछि प्रहरीले सम्बन्धित कम्पनीलाई इमेल गरेर कारबाहीका लागि अनुरोध गर्छ। तीमध्ये ह्याक भएका सामाजिक सञ्जालका खाता पुनः वास्तविक व्यक्तिकै

(बाँकी अन्तिम पृष्ठमा)

## स्वास्थ्य मन्त्रालयद्वारा उच्चस्तरीय समिति गठन

**काठमाडौँ, जेठ १९।** सरकारले सरकारी स्वास्थ्य संस्थामा उपचार तथा शल्यक्रियाका लागि लामो समयसम्म पालो पर्खनु पर्ने अवस्था अन्त्य गर्नका लागि अध्ययन गरी प्रतिवेदन पेश गर्न उच्चस्तरीय समिति गठन गरेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मन्त्रिस्तरीय निर्णयबाट अतिरिक्त स्वास्थ्य सचिव डा. दीपेन्द्ररमण सिंहको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरेको हो।

उक्त समितिमा गुणस्तर मापन तथा नियमन महाशाखाका प्रमुख मदनकुमार उपाध्याय सदस्य र वरिष्ठ जनस्वास्थ्य प्रशासक डा. गुणनिधि शर्मा सदस्यसचिव रहेको मन्त्रालयले जनाएको छ। सरकारी अस्पतालमा नागरिकले सहजरुपमा स्वास्थ्य सेवा पाउन नसकेको भन्ने जनगुनासा आएपछि प्रधानमन्त्री पुष्पकमल दाहालले उक्त समस्याको दीर्घकालीन समाधानका लागि आवश्यक कदम चाल्न स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप यादवलाई निर्देशन दिएका हुन्।

समितिले काठमाडौँ उपत्यकाभित्रका सङ्घीय अस्पतालको स्थलगत अनुगमन गरी अस्पतालमा शल्यक्रियाका लागि लामो सयमसम्म पालो कुर्नुपर्ने, प्रेषण (रिफर), सेवाको गुणस्तर तथा प्रक्रियागत झन्झटलगायत अवस्थाका बारेमा अध्ययन गर्ने कार्यादेश दिइएको छ।

यसैगरी नागरिकको शल्यक्रियाका लागि भइरहेको ढिलाइका कारण, अस्पतालको विद्यमान शल्यक्रिया सेवा दिने विशेषज्ञ चिकित्सकको सङ्ख्या, उनीहरुको दैनिक सेवा विवरण तयार पार्न पनि समितिलाई निर्देशन दिइएको छ। समितिले अस्पतालबाट प्रवाह हुने बहिरङ्ग (ओपिडी) सेवा सम्बन्धमा सो क्षेत्र हेर्ने चिकित्सकको सङ्ख्या, निजहरुले

(बाँकी अन्तिम पृष्ठमा)

# कोशीमा साढे ५ अर्बको सम्पत्ति बेवारिसे

**विराटनगर , चैत १९।** कोशी प्रदेश सरकार मातहतमा रहेका ५ अर्ब ५१ करोडभन्दा बढीको सम्पत्ति बेवारिसे रहेको भेटिएको छ।




महालेखापरीक्षकको कार्यालयले प्रदेश मन्त्रालय तथा प्रदेश सरकार मातहतका एक सय ८० सरकारी कार्यालय र १८ वटा समिति तथा संस्थाको लेखापरीक्षण गर्दा सो सम्पत्ति बेवारिसे रहेको भेट्टाएको हो। महालेखापरीक्षकको कार्यालयले ती सम्पत्तिको अवस्था र स्वामित्व खुल्ने विवरण अद्यावधिक नगरिएकोसमेत आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ।

प्रतिवेदनमा भनिएको छ - प्रदेश सरकार र मातहतका सरकारी निकायसँग ५ अर्ब ५१ करोड ६१ लाख ६९ हजारको स्थिर सम्पत्ति अवस्था र स्वामित्व खुल्ने गरी विवरण अद्यावधिक नगरेको पाइएको छ।

कोशी प्रदेश सरकारका मन्त्रालय र मातहतका कार्यालयमा १ अर्ब ३१ करोड ७६ लाख १० हजार बेरुजु देखिएको छ। बेरुजुमध्ये १४ करोड ७१ लाख ४० हजार रुपैयाँ असुल गर्न महालेखा परीक्षकको कार्यालयले निर्देशन दिएको छ।

कार्यालयले प्रदेश सरकार मातहतका मन्त्रालय र कार्यालयबाट १ अर्ब ९ करोड ४० लाख ४७ हजार रुपैयाँ नियमित गर्नुपर्ने र ७ करोड ६४ लाख २३ हजार रुपैयाँ पेस्कीको रूपमा लगिएकाले सो रकम तत्काल फछ्र्योट गर्न पनि निर्देशन दिएको छ।

प्रदेश सरकार मातहत सरकारी कार्यालयको ५२ अर्ब ७८ करोड ७१ लाख ३४ हजार रुपैयाँको लेखापरीक्षण भएको थियो, जसमा सरकार मातहतका १८० कार्यालयमा ४७ अर्ब ९ करोड १ लाख १५ हजार रुपैयाँ र १८ वटा समिति तथा संस्थाको ४ अर्ब ८५ करोड ७० लाख १९ हजार रुपैयाँको लेखापरीक्षण भएको प्रतिवेदनमा उल्लेख छ।

**मन्त्रालयमा मनलाग्दी खरिद**

प्रदेशका सात वटा मन्त्रालयले मनलाग्दी फर्निचर र औषधि किनेको प्रतिवेदनले औंल्याएको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ मा सार्वजनिक निकायले २० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ।

तर, कोशी प्रदेश सरकारका ७ मन्त्रालय र ३१ वटा कार्यालयले ३९ करोड ३७ लाख ६३ हजारको निर्माण, मर्मतसम्भार, फर्निचर तथा औषधि उपकरण, कार्यालय सामान प्रतिस्पर्धाबेगर सोझै खरिद गरेका छन्। महालेखाले यसरी खरिद गर्दा नियमको पालना गर्नुपर्ने उल्लेख गरेको छ।

**असुल गर्नुपर्ने रकम**

कोशी प्रदेशसभा सचिवालयका १३ कर्मचारीलाई ग्रेड थपबापत दिएको रकम असुल गर्न महालेखाले निर्देशन दिएको छ। कर्मचारी समायोजन ऐन २०७१ मा सरकारी सेवामा श्रेणीगत रूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने व्यवस्था छ।

पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि भएका राजपत्र अनङ्कित द्वितीय र प्रथम तथा राजपत्राङ्कित तृतीय र द्वितीय श्रेणीका कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको नपाएको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनमा संसद सचिवालयका १३ कर्मचारीलाई भुक्तानी दिइएको ९ लाख २८ हजार रकम असुल गर्न भनेको छ। यस्तै ४ मन्त्रालयले २५ कर्मचारीलाई ग्रेडबापत भुक्तानी गरेको ९ लाख ८ हजार रुपैयाँ असुल गर्न पनि कार्यालयले निर्देशन दिएको छ।

## लागूऔषधसहित पक्राउ

**बिर्तामोड, जेठ १९।** अर्जुनधारा नगरपालिका -८ बाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ३ सय १० मिलिग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा दमक नगरपालिका-१० ब्याडडाँडा घर बताउने २२ वर्षीय आकाश राजवंशी र अर्जुनधारा नगरपालिका-९ प्रणामी मन्दिर छेउ घर बताउने २५ वर्षीय बिकास सहनी रहेका छन्। प्रहरी चौकी शनिश्चरेबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो।

उता पर्साको वीरगञ्ज महानगरपालिका-१६ स्थित सडकबाट नियन्त्रित लागूऔषध डाइजेपाम ५२ एम्पुल, फेनारगन ५२ एम्पुल, नुर्फिन ५२ एम्पुल र नाईट्राभेट ९ सय ट्याब्लेटसहित सर्लाही लालबन्दी नगरपालिका-१ नवलपुर बस्ने २८ वर्षीय सुरज बिकलाई शनिबार बिहान प्रहरीले पक्राउ गरेको छ।

प्रहरी चौकी इनर्वा तथा लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय वीरगञ्ज पर्साबाट खटिएको संयुक्त टोलीले भारतको रक्सौलबाट वीरगञ्ज बजारतर्फ पैदल आउँदै गरेका उनलाई उक्त लागूऔषधसहित पक्राउ गरेको प्रहरीले जनाएको छ। त्यस्तै कपिलवस्तु, वाणगंगा नगरपालिका-१० कोरीया चोकबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब ५ ग्राम ५० मिलिग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा वाणगंगा नगरपालिका-१० बस्ने ३२ वर्षीय फिरोज मुसलवान र २७ वर्षीय सलाउदिन गद्धी रहेका छन्। इलाका प्रहरी कार्यालय पिपरा कपिलबस्तुबाट

(बाँकी अन्तिम पृष्ठमा)

# कमलमा शिक्षकलाई सम्मान

**उमानाथ भण्डारी**

**कमल, जेठ १९।** नेपाल राष्ट्रिय शिक्षक संगठन कमल गाउँ समितिको शनिवार चौथो गाउँ परिषद् भेला सम्पन्न भएको छ।

समुन्नत राष्ट्रका लागि शैक्षिक विकासमा हाम्रो प्रतिबद्धता, राजनैतिक अधिकारका लागि ट्रेड युनियन अधिकारको संवैधानिक सुनिश्चितता भन्ने नाराका साथ मङ्गलमय माध्यमिक विद्यालयको सभाहलमा परिषद्को भेला सम्पन्न भएको हो।




त्यस अवसरमा कमल गाउँपालिका भित्र कार्यरत् शिक्षकलाई कदरपत्र र सेवा निवृत्त शिक्षकलाई सम्मानपत्रद्वारा सम्मान गरिएको थियो। सम्मानित हुनेहरुमा निर्मला पराजुली, कुमार दाहाल र अम्बिका खड्का बस्नेत, शेखरबहादुर श्रेष्ठ, पदमप्रसाद गौतम, भीमचन्द्र न्यौपाने र लीला अधिकारी, मोतीलाल भट्टराई, लीलाप्रसाद भट्टराई, निर्मल गड्तौला रहेका छन्। त्यसैगरी अभिनारायण तिम्सिना, लहरी लुँइटेल, बुद्धिप्रसाद भण्डारी, लक्ष्मीप्रसाद

(बाँकी अन्तिम पृष्ठमा)

## सञ्चालक समितिलाई तालिम

**झापा, जेठ १९।** झापाको कर्णाली बचत तथा ऋण सहकारी संस्थाका नवनिर्वाचित सञ्चालक समितिका सदस्य तथा लेखा सुपरीवेक्षण समितिका सदस्यहरुलाई क्षमता अभिवृद्धि सम्वन्धी तालिम दिइएको छ।

बिर्तामोडमा सम्पन्न तालिममा कोशी प्रदेश सहकारी रजिष्टार कार्यालयका सहकारी रजिष्टार हरिवहादुर खत्री र अधिकृत मोहनराज भट्टराईले प्रशिक्षण दिएका थिए। अध्यक्ष टसवहादुर श्रेष्ठको अध्यक्षतामा भएको तालिममा सञ्चालक समितिको काम कर्तव्य र

(बाँकी अन्तिम पृष्ठमा)

## बैवाहिक उत्सवमा व्हीलचियर प्रदान

**चारपाने, जेठ १९।** झापाको अर्जुनधारा-५ स्थित फूलबारीका सामाजिक व्यक्तित्व राजु गिरी र मीनादेबी गिरीले आफ्नो बैवाहिक उत्सव सामाजिक कार्य गरेर मनाएका छन्। उनीहरुले अपाङ्ग तथा असहायलाई सहयोग गरेर बैवाहिक उत्सव मनाएका हुन्।

गिरी दम्पतीले गत जेठ १७ गते बैवाहिक उत्सवको अवसरमा घोषणा गरेको ब्हील चियर वितरण अन्तरगत शनिवारअर्जुनधारा-४ टोल नं. २३ का अपाङ्गता भएका लक्ष्मण बस्नेतलाई प्रदान गरेका छन्। गिरी दम्पत्तीले दहीझोडा सामुदायिक उपभोक्ता समूहका उपाध्यक्ष अर्जुन बस्नेत र कार्यालय सचिव युवराज खड्कामार्फत बस्नेतलाई ब्हील चियर बितरण गरेका हुन्।





गिरी दम्पत्तीले आफ्नो, छोरा पंकज गिरी र छोरी प्रकृति गिरीको जन्मोत्सवमा पनि दीनदुःखी, असहायलाई सहयोग गरेर मनाउँदै आएका छन्।

(बाँकी अन्तिम पृष्ठमा)

# कानून निर्माण, मेलमिलाप सम्बन्धी प्रशिक्षण



**भद्रपुर, जेठ १९।** स्थानीय तहका न्यायिक समितिमा पर्ने उजुरीहरूलाई मेलमिलापकै माध्यमबाट समाधान गर्नुपर्नेमा झापा जिल्ला अदालतका प्रमुख न्यायाधीश अशोककुमार बस्नेतले जोड दिएका छन् ।

भद्रपुर नगरपालिकाद्वारा शनिबार आयोजित कानून निर्माणको प्रक्रिया, देवानी कानूनको प्रयोग र मेलमिलाप सम्बन्धी प्रशिक्षण कार्यक्रममा बोल्दै प्रमुख जिल्ला न्यायाधीश बस्नेतले भने - अदालतमा मुद्दा लिएर आउनेहरूलाई पनि पहिला मेलमिलापकै बाटोबाट प्रक्रिया अघि बढाउँछौं । नमिलेको खण्डमा मात्र मुद्दा टेबल हुनेको गरेको बताउँदै जिल्ला न्यायाधीश बस्नेतले भने- पालिकाको न्यायिक समिति वा वडा कार्यालयका मेलमिलापकर्ताहरूले पीडक र पीडित दुवैलाई राखेर मेलमिलापकै माध्यमबाट मुद्दाको किनारा लाग्नुपर्छ, त्यो नै उचित न्याय हो ।

उनले न्यायिक समितिले लिनु पर्ने उजुरीको प्रक्रिया, न्याय सम्पादन र प्रक्रिया, समाधानको बाटो, आफ्नो अधिकार क्षेत्रको सिद्धान्त, अन्तरिम संरक्षणात्मक आदेशलगायत देवानी कानूनको बारेमा सहभागीहरूलाई जानकारी गराएका थिए ।

भद्रपुर नगर प्रमुख गणेश पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला न्यायाधीशहरू प्रकाशकुमार अधिकारी, तेजबहादुर खड्का, नगर उपप्रमुख राधा कार्की, वडाध्यक्षहरु, कार्यपालिका सदस्यहरू, वडा सचिवहरू, मेलमिलाप कर्ताहरूको सहभागिता रहेको थियो । कार्यक्रमको औचित्यमाथि प्रमुख प्रशासकीय अधिकृत सुनिल निरौलाले प्रकाश पारेका थिए ।

# एमाले कनकाईको पद हस्तान्तरण



**सुरुङ्गा, जेठ १९।** नेकपा एमाले कनकाई नगर कमिटीको दोस्रो अधिवेशनबाट निर्वाचित कमिटीको सपथ ग्रहण, प्रमाणपत्र वितरण तथा पद हस्तान्तरण सम्पन्न भएको छ ।

अध्यक्ष मण्डलका अध्यक्ष एमाले केन्द्रीय सदस्य रवीन कोइरालाको अध्यक्षता, एमाले केन्द्रीय सल्लाहकार सूर्य उप्रेती र कोशी प्रदेश पूर्व मन्त्री हीराकुमार थापाको विशेष आतिथ्यमा भएको कार्यक्रममा नवनिर्वाचित नगर कमिटी तथा लेखा समितिका पदाधिकारी तथा सदस्यले सपथ लिएका थिए ।

निर्वाचन समिति संयोजक अधिवक्ता तारादेवी बाराकोटीले नवनिर्वाचित समितिलाई सपथ गराएकी थिइन् । नवनिर्वाचित अध्यक्ष गोकर्णप्रसाद ओझा, उपाध्यक्ष घनश्याम पौडेल, सचिव प्रकाश शिवाकोटी, उपसचिवद्वय ख्यामप्रसाद ओली र राधिका ओली कडरिया लगायत ५६ जना सदस्यहरुले सपथ लिएका थिए । त्यसैगरी, लेखा समिति अध्यक्ष धर्मेन्द्र सुवेदी, उपाध्यक्ष नबलकिशोर दत्त, सचिव बलराम राई, सदस्यहरू कृष्णमाया भुजेल र निर्मला खड्काले सपथ लिएका थिए ।

कार्यक्रममा एमाले झापा क्षेत्र नं. ४ का इन्चार्ज चन्द्रकुमार शेर्मा, एमाले नेताहरू टीकाप्रसाद लामिछाने, कोमलप्रसाद पन्त, प्रेमप्रसाद दाहाल, ओमप्रसाद पाठक, जिल्ला कमिटी सदस्यहरू खेमनाथ मिश्र, रवीन्द्र लम्साल, सुनिता खरेल, नरादेवी मगर, सीता अधिकारी, विनोद रानामगर, डीबी गजमेर, कमलप्रसाद कट्टेल, रिटर्नी फेडेरेसन नेपालका केन्द्रीय उपमहासचिव भरत शिवाकोटी लगायतको आतिथ्य रहेको थियो ।

कार्यक्रममा झापा जिल्ला कमिटी उपाध्यक्ष शिव ढुङ्गेल, कनकाई नगर प्रमुख राजेन्द्रकुमार पोखरेल, निर्वाचन समिति संयोजक तारादेवी बाराकोटी, पूर्व जिल्ला कमिटी सदस्य तुलाराम बस्नेत, नगर कमिटी निवर्तमान सचिव देवीप्रसाद उप्रेतीले नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई शुभकामना दिएका थिए ।

जिल्ला कमिटी सदस्य तथा निर्वाचन समिति सदस्य रोशन सुवेदीले स्वागत मन्तव्य राखेको कार्यक्रम जिल्ला कमिटी सदस्य एवम् निर्वाचन समिति सदस्य दीपक चापागाँईले सञ्चालन गरेका थिए ।

### सामाजिक...

पहुँचमा पुग्न सक्ने अवस्था भने रहँदैन । ह्याक भएका सामाजिक सञ्जालका खाताबाट पैसा माग्ने, अश्लील सामग्री पोस्ट हुने गरेका छन् । जसले गर्दा खाता भएका व्यक्ति पीडित हुने गरेको प्रहरीले जनाएको छ । चालू आर्थिक वर्षमा साइबर ब्युरोमा ह्याकिङका झण्डै आठ हजार उजुरी परेका छन् । तीमध्ये कतिको खाता वास्तविक व्यक्तिको पहुँचमा पुग्यो त्यसको यकिन तथ्यांक भने नरहेको प्रवक्ता अवस्थी बताउँछन् ।

सम्बन्धित सामाजिक सञ्जालको गाइडलाइनअनुसार सामग्री अपलोड भएमा ती केही पोस्ट हट्ने गरेको ब्युरोले जनाएको छ । नेपाल प्रहरीले उजुरीका आधारमा सामाजिक सञ्जालका कम्पनीलाई गरेको गुनासोको सुनुवाइ नै सुस्त गतिमा हुने गरेको छ ।

सामाजिक सञ्जाललाई नेपालमै दर्ता गर्नु पर्नेबारे बहस भए पनि यसको कानूनी आधार तय भइसकेको छैन । यसले गर्दा फेसबुक, एक्सजस्ता सामाजिक सञ्जालको दुरुपयोग वा कानूनविपरीत क्रियाकलाप भए पनि त्यसको नियमन हुन नसकेको अवस्थी स्वीकार्छन् । सामाजिक सञ्जालका पासवर्ड गोप्य नराख्ने, ओटीपी अरु कसैलाई दिने, सहजै अनुमान गर्न सकिने पासवर्ड राख्नेजस्ता कमजोरीका कारण सामाजिक सञ्जालका खाता ह्याक हुने गरेका हुन् ।

त्यसैगरी असुरक्षित मानिएका वेबसाइट खोल्ने, गिफ्ट वा फ्री सफ्टवेयरको लोभमा फाइलहरु इन्स्टल गर्ने प्रवृत्तिले पनि सामाजिक सञ्जालका खाता ह्याक हुने गरेका छन् । प्रयोगकर्ता आफैं सचेत भएमा साइबर अपराधीको निशानामा पर्नबाट जोगिन सक्ने प्रहरीको भनाइ छ ।

### लागूऔषध ...

खटिएको प्रहरीले लु.७ प ६५४३ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

### सञ्चालक ...

अधिकार, पल्स विश्लेषण, सहकारीको विषयमा जानकारी दिइएको थियो । तालिममा सहकारीका सचिव भूपाल बस्नेत, कोषाध्यक्ष एकराज विष्ट सहित १२ जना सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिका तीन जना सदस्यहरुको उपस्थिति रहेको थियो ।

### कमलमा ...

अधिकारी, सोमनाथ ढुंगेललाई पनि सम्मान गरिएको थियो ।

नेपाल राष्ट्रिय शिक्षक संगठन कमल गाउँ समितिका अध्यक्ष मधुसुदन अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा केन्द्रीय सदस्य बुद्धिमान कार्की, जिल्ला अध्यक्ष द्रोणबहादुर श्रेष्ठ, कोशी प्रदेश लेखा समिति सदस्य सोमनाथ बराल, शिक्षक महासंघ कमलका अध्यक्ष मोहनकुमार बगाले, जिल्ला कमिटी सदस्य हिमप्रसाद दाहाल लगायतले शुभकामना मन्तव्य राखेका थिए । भेलाले अध्यक्ष मधुसुदन अधिकारीद्वारा प्रस्तुत सांगठनिक प्रतिवेदन र कोषाध्यक्ष सुमन गौतम द्वारा प्रस्तुत आर्थिक प्रतिवेदन पारित गरिएको थियो । कमल गाउँ समिति सचिव श्रीप्रसाद दाहालले सञ्चालन गरेको कार्यक्रममा स्वागत उपाध्यक्ष भीमप्रसाद पौडेलले गरेका थिए ।

### वैवाहिक ...

सहारा नेपालका लेखा अधिकृतसमेत रहेका गिरीले जन्मोत्सव तथा बैवाहिक वर्ष उत्सवमा गरिने फजुल खर्च कटाएर दीनदुःखीलाई सहयोग गर्न सबैलाई आग्रह गरेका छन् ।

भारतको दिल्लीमा भएको दुर्घटनामा सँगैको साथी गुमाएका लक्ष्मण हाल हातखुट्टा भाच्चिएर हिँडडुल गर्न नसक्ने अवस्थामा रहेका छन् । उनलाई ह्वील चियरको सहायताले हिँडडुल गर्न सहज होस् भनेर गिरी दम्पतीले सहयोग गरेका हुन् । यसअघि गत चैत १० गते परेको आफ्नो जन्मोत्सवमा पनि राजु गिरीले अर्जुनधारा-५ का अन्दाजी ६५ बर्षिय अपाङ्गता भएका टितबहादुर साहलाई ह्वील चियर वितरण गरेका थिए ।


## विहानको समय रोजगारीको अवसर

तपाई विहान ६ बजेदेखि ७ बजे एक घण्टाको समय फुर्सद हुनुहुन्छ ?
यदि हुनुहुन्छ भने हामी तपाईलाई पत्रिका वितरण गर्ने काम दिन्छौं ।
- पत्रिका वितरण गर्ने क्षेत्र : शनिश्चरे बजार आसपास ।
- अनिवार्य आफ्नै साइकल भएको हुनु पर्ने छ ।
- साथै शनिश्चरे आसपास क्षेत्रको वासिन्दा हुनु पर्ने छ ।
- दिउँसो स्कूल पढ्नेहरुले समेत काम गर्न सक्नेछन् ।

**सम्पर्क : ९८१६९८१०१७ / ९८४२६३४७४०**


### स्वास्थ्य...

दैनिक बिरामी हेरेको सङ्ख्या, प्रेषणको अवस्थाका बारेमा विस्तृत विवरण तयार पार्नेछ ।

समितिले अस्पतालमा प्रवाह हुने प्रयोगशाला तथा रेडियोलोजी सेवाको विस्तृत विवरण, सोही सेवाका लागि अन्यन्त्र 'रिफर' गरेको भए सोको विवरण प्रस्तुत गर्नेछ । यस्तै अस्पतालमा बिरामीको चाप, जनशक्ति, साधनस्रोत एवं अन्य पूर्वाधारको अवस्था अध्ययन गरी समयमै गुणस्तरीय सेवा प्रवाह भए/नभएको अवस्था जानकारी गराउँदै समितिले सुझाव पेश गर्ने मन्त्रालयले जनाएको छ ।

कार्यादेशमा उल्लेख भएका विवरणसहित दुई साताभित्र प्रभावकारी स्वास्थ्य व्यवस्थापनका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजना पेश गर्न निर्देशन दिइएको छ ।

### एघार ....

महाशाखाले निरन्तर अनुगमन गरिरहेको तथा सोहीअनुसार नियमित रूपमा अद्यावधिक गरिने विभागको उक्त सूचनामा जनाइएको छ ।





## आबद्ध बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड – ५, झापाको

# धितो लिलाम विक्री गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथमपटक प्रकाशित मिति : २०८१।०२।२० गते

यस आबद्ध बचत तथा ऋण सहकारी संस्था लि. बाट तपसिलमा उल्लेखित ऋणीले आवधिक ऋण शीर्षकको ऋण उपभोग गर्नु भएकोमा ऋणीले यस संस्थासँग गरेको सम्झौता बमोजिम तिर्नु पर्ने साँवा, व्याज र अन्य दस्तुर संस्थामा नतिरी, नबुझाई ऋण लिँदाका बखतको कबुलियत उल्लङ्घन गर्नुभएको हुँदा उल्लेखित रकम तिर्न ऋणीलाई पटक-पटक मौखिक, लिखित तरताकेता गर्दासमेत भुक्तानी गर्नुपर्ने रकम भुक्तानी नगरी आलटाल गरी सम्झौता उल्लघंन गर्नु भएको र कर्जा तिर्न बुझाउन आउनु भनी संस्थाको सूचना पाटीमा मिति २०८० साउन ५ गते, पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक, मिति२०८० साउन ७ गते ३५ दिने सार्वजनिक सूचना र दोस्रो पटक मिति २०८० चैत्र २५ गते १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दासमेत तपाई ऋणीले संस्थालाई तिर्नु पर्ने ऋण चुक्ता नगरेको हुँदा सहकारी ऐन २०७४ एवम् नियमावली २०७५, र प्रचलित कानून अनुसार ऋणीले ऋण लिँदाका बखत संस्थालाई लेखाई दिएको तपशिल बमोजिमको धितोमा रहेको अचल सम्पत्ति लिलाम विक्री गरी यस सहकारी संस्थाले आफ्नो लेना रकम असुलउपर गर्नुपर्ने भएको हुँदा यो ३५ दिने सूचना ऋणी तथा सम्बन्धित सबैका लागि प्रकाशित गरिएको छ । उक्त ऋणमा लेखाई दिएको तपशिलको धितो सुरक्षणवापतको जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम विक्री गरी संस्थाले आफ्नो ऋण असुलउपर गर्नुपर्ने भएको हुँदा तपशिल अनुसारको शर्त बन्देज स्वीकार गर्न इच्छुक संघसंस्था तथा व्यक्तिहरुलाई न्यूनतम् रेटमा डाक बढाबढ गरी यो सूचना प्रकाशन भएको ३५ दिनभित्र कार्यालय समय ४ बजेसम्ममा आवेदन दर्ता गर्नु हुन सूचित गरिन्छ । उक्त धितोले यस संस्थाको लेना रकम असुलउपर नभएमा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई कालो सूचीमा राखी निजहरुको अन्य जायजेथा वा एकाघर परिवारको नाममा रहेको जायजेथाबाट समेत असुलउपर गरिनेछ ।

### तपशिल

| क्र. सं. | ऋणीको विवरण | धितोको विवरण | ऋण विवरण |
|---|---|---|---|
| १. | नाम : शान्ता देवी मग्रान्ती,<br>ठेगाना : अर्जुनधारा -४, झापा<br>ना. प्र. नं. :०४३०११/४५९<br>बाबुको नाम :टेकबा. श्रेष्ठ<br>बाजेको नाम :कर्ण बा.श्रेष्ठ<br>पतिको नाम :राजकुमार मग्रान्ती | जग्गाधनीको नाम :शान्ता देवीमग्रान्ती<br>जग्गाधनीको बुबाको नामः टेक बा. श्रेष्ठ<br>बाजे/पतिको नाम :कर्ण बा.श्रेष्ठ/राजकुमार मग्रान्ती<br>जग्गा रहेको ठेगाना :पाराखोपी – ५, झापा<br>कित्ता नं.-क्षेत्रफल ३९७६-१३५.४४ ब.मी र<br>३९७१-९३.११ ब.मी., जम्मा २२८.५५ ब.मि. | लिएको मिति : २०७७/१२/३१<br>जमानत दिनेको<br>नाम : राजकुमार मग्रान्ती<br>ऋण बापत बुझाउनु पर्ने जम्मा रकम<br>धितो ऋणः १३,६०,७७३।-<br>विनाधितो ऋण : ८,२१,२५६।- |

### लिलाम बोलपत्र सम्बन्धी शर्तहरू

१) सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कार्यालय समयमा यस संस्थाको मुख्य कार्यालय विर्तामोड ५, जात्रुबाडी झापामा आइपुग्ने गरी पेश गर्नुपर्ने छ ।

२) बोलपत्र फाराममा आफूले बोल कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।

३) प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिनमा, सो दिन विदा परेमा त्यसको भोलिपल्ट संस्थाको कार्यालय, विर्तामोड न.पा. –५, जात्रुबाडी झापामा दिउँसो १२ बजे उपस्थित जनप्रतिनिधि, बोलपत्रकर्ता, वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाइएका सबै जनप्रतिनिधि, बोलपत्रकर्ता, वा निजको प्रतिनिधि अनुपस्थित रहे तापनि सो कारणले बोलपत्र खोल्न बाधा पर्ने छैन । डाक बढाबढमार्फत धितो लिलाम गरिनेछ ।

४) धितोमा रहेको जग्गाको पञ्चकृते मूल्य कायम गरी सो मूल्य न्युनतम् राखी बोलपत्र शुरु हुनेछ । बढी सिलबन्दी बोलपत्र पेश गर्नेको नाममा लिलाम स्वीकृत गरिनेछ ।

५) कुनै पनि अवस्थामा लिलाम प्रक्रिया रद्द गर्ने वा नेगोसिएशन गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।

६) बोलपत्रमा व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र तथा पान दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

७) लिलाम हुने धितोको कागजात, पञ्चकृते मूल्य तथा अन्य आवश्यक कुराहरु बुझ्न चाहने व्यक्तिले कार्यालय समयभित्र संस्थामा आई बुझ्न सकिनेछ ।

८) बोलपत्रदाताले कबोल मूल्यको १०% रकम संस्थामा बुझाएको सक्कल रसिद वा भौचर वा संस्थाको नाममा खिचिएको Account Payee क वा ख बर्गको बैंकको चेक सिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

९) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले बढीमा ७ दिनभित्र बाँकी सम्पूर्ण रकम संस्थामा बुझाई बोलकबोल गरेको सम्पति आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भइ धरौटी रकम स्वतः जफत हुनेछ ।

१०) स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखिल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क दैदस्तुर, कर तथा अन्य शुल्क इत्यादि बोलपत्रदाताले नै बेहोर्नु पर्नेछ ।

११) बोलपत्र दाखिला भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।

१२) म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखी पेश गरिएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

१३) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी बिनाब्याज धरौटी रकम फिर्ता दिइने छ ।

१४) उल्लेखित सम्पत्ति कसैले पनि लिलाम नसकारेमा वा बोल कबोल गरेको रकम संस्थालाई चित्त नबुझेमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ को नियम ३५ वमोजिम संस्थाले आफै धितो संस्थाको नाममा सकार गरी स्वामित्व आफूमा लिन सक्नेछ ।

## आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.

विर्तामोड ५, झापा, फोन नं. ०२३-५३५३९५, ०२३-५३६७०५


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७५९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल
सम्पादकीय

## भारतीय निर्वाचन र अपेक्षा

छिमेकी देश भारतमा यस वर्षको लोकसभाको आवधिक निर्वाचन सम्पन्न भएको छ । शनिबार सम्पन्न सातौं चरणको अन्तिम निर्वाचनमा आठ राज्य र केन्द्र शासित प्रदेशका ५७ सिटसहितका लागि भएको निर्वाचन विश्वभरकै लागि चासोको विषय बनिएको छ । किनकि सत्तारुढ दल भारतीय जनता पार्टीको भविष्य यही अन्तिम चरणको निर्वाचन परिणामले निर्धारण गर्नेछ । वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीको आगामी सत्ता यात्रा निर्धारण गर्ने यो निर्वाचन यसकारण पनि महत्त्वपूर्ण मानिएको छ कि उनको दलले बहुमत ल्याए उनी तेस्रो पटक प्रधानमन्त्री बन्ने निश्चित छ ।

भारत सरकारले अघि बढाएको परराष्ट्र सम्बन्ध र छिमेकी देशहरुसँग सोझै जोडिने कतिपय विषयले पनि यस पटकको निर्वाचनलाई महत्त्वका साथ हेरिएको छ । यही निर्वाचनमा विपक्षी दल कांग्रेस पार्टीले भने वर्तमान सरकारले नेपालसँग लिएको नीतिलाई परिवर्तन गर्ने घोषणा गरेको छ । तेस्रो कार्यकालको आकांक्षा प्रकट गरेका प्रधानमन्त्री मोदी चुनावी प्रचारप्रसार सकिएसँगै आध्यात्मिक साधनामा लागेका छन् । उनले निर्वाचन लक्षित अवधारणा पत्रमा सम्मान, शान्ति, संवाद, सहयोग र समृद्धिलाई प्रमुखताका साथ समेटेका छन् । छिमेकीलाई प्राथमिकता दिने उनको उक्त अवधारणामा व्यक्त विचारमा त्यसकै आधारमा विदेश नीतिलाई निरन्तरता दिने र बलियो बनाउने प्रतिबद्धता जनाइएको छ ।

यसपटकको संसदीय निर्वाचनमा विपक्षी कांग्रेस पार्टीले पनि सत्ता पुनरागमन हुने विश्वास गरेको छ । कांग्रेसले अत्यन्त निकट देश नेपालसँग 'अधिक ध्यान' दिने भन्दै वर्तमान सरकारको छिमेकी प्रतिको कमजोर सम्बन्धलाई बलियो बनाउँदै पुनर्स्थापित गर्ने जनाएको छ । नेपाल र भारतका बीचको परम्परागत तथा ऐतिहासिक सम्बन्ध पछिल्लो समय कमजोर भएको टिप्पणी भइरहेका बेला सम्पन्न निर्वाचनको परिणाम नेपालका लागि पनि अर्थपूर्ण रहन्छ । नेपालमा विगतमा भएका राजनीतिक परिवर्तनका आन्दोलनहरुमा भारत सरकारको भूमिका रहेकाले पनि यो निर्वाचन चर्चा र विवादमा रहँदै आएको छ । नेपालको पुरानो र शक्तिशाली देश भारतसँगको खुल्ला सीमाना, धार्मिक, सांस्कृतिक, भाषिक तथा जातीय समानताका कारण पनि त्यहाँको चुनाव नेपालका लागि चासोको विषय बनिने गरेको छ । अबको चार दिनमा निर्वाचन परिणाम आउने छ र सत्ता यात्राको अनिश्चयको टुङ्गो लाग्नेछ । जसले नेतृत्व गरे पनि नयाँ बन्ने सरकार नेपालको विकास र समृद्धिमा सहायक बनिनुपर्छ, नेपालीको अपेक्षा त्यत्ति हो ।

# सरकारकै लागि गलपासो टिकटक बन्दको निर्णय



महेश तिमल्सिना

सूचना, मनोरञ्जन र दूर सम्पर्कका हिसाबले अहिलेको युग उन्नत भइसकेको छ । विदेशिएका लाखौं नेपालीसँग स्वदेशका आफन्तजनको सम्पर्क सहज भएको छ । नेपालका गाउँ-गाउँमा इन्टरनेट सेवाको पहुँचसँगै नवयुगको नवजागरण र नवचेतना जागृत हुँदैछ । छापा माध्यमलाई धक्का दिँदै डिजिटल प्लाटफर्ममा मिडिया मौलाइरहेको छ भने सामाजिक सञ्जालमा युवादेखि प्रौढ पुस्ता भुलिरहेको छ । यही नै उत्तर आधुनिक युगको सौन्दर्य हो, अभिव्यक्ति स्वतन्त्रताको भरपुर उपयोग हो । सूचना प्रविधिले अब आर्टिफिसियल इन्टेलिजेन्स (कृत्रिम बौद्धिकता), च्याट जीपीटी र मेटाभर्स मार्फत गुणात्मक फड्को मार्दैछ । विश्वको कुनै पनि कुना अब सुदूर रहेन । फेसबुक, ट्विटर, टिकटक, युट्युब, भाइबर, ह्वाट्सएप आदि माध्यमले सूचना, मनोरञ्जन र दूर सम्पर्कलाई सहज बनाइरहेका छन् र अब यसमा झन् उन्नति हुँदैछ ।

विडम्बना, नयाँ आधुनिक पुस्ताको जीवनशैलीको अभिन्न अंग भइसकेका यी माध्यमप्रति नेपाल सरकारले भने विरोधाभासपूर्ण र संकीर्ण नीति अख्तियार गरिरहेको छ, जसले हाम्रो शासकीय शैलीको परम्परागत र रुढ चिन्तन उजागर गर्छ । टिकटक माथिको प्रतिबन्ध र त्यसबारे नयाँ पुस्ताको आक्रोशले के स्पष्ट गर्छ भने हाम्रो सरकारको शैली युगसापेक्ष छैन । यो अझै सामन्ती युगकै मानसिकतामा रुमल्लिएको छ । टिकटक माथिको प्रतिबन्धको ताजा असर हेरौं । सोमबार र मंगलबार नेपालमा तेस्रो लगानी सम्मेलन आयोजना गरियो। 'इमर्जिङ इन्भेस्टमेन्ट समिट-२०२४' भनिएको दुई दिने लगानी सम्मेलनमा सरकारले निमन्त्रणा दिएका धेरै व्यक्तिहरू सहभागी भएनन् । ५५ देशका करिब १६ सय लगानीकर्ता सहभागी हुने भनिए पनि विश्वका ख्याति प्राप्त हस्तीहरू भने कोही आएनन् ।

लगानी बोर्डले यो सम्मेलनमा विश्वभरका धनाढ्य, उद्योगपति, व्यापारी र लगानीकर्तालाई निम्तो पठाएको थियो । मंगल ग्रहमा मानव बस्ती बसाउने रहर गर्ने इलोन मस्क, अन्तरिक्ष यात्रा गरिसकेका जेफ बेजोस, भारतका विश्वप्रख्यात धनाढ्य मुकेश अम्बानी, गौतम अडानी र फेसबुक अर्थात् मेटा कम्पनीका मालिक मार्क जुकरवर्ग लगायतलाई निम्तो पठाइएको थियो । यी कोही पनि आएनन् । विश्वको दोस्रो ठूलो अर्थतन्त्र चीनका लगानीकर्ता ज्याक माको फाउन्डेशनले पनि लगानी सम्मेलनमा सहभागिता जनाउन नसकिने सन्देश पहिल्यै पठाइसकेको थियो ।

यसबाट स्पष्ट हुन्छ, विश्वका ठूला लगानीकर्ता नेपाल आउन समेत इच्छुक छैनन् । लगानीको त कुरै छाडौं । आखिर लगानी सम्मेलनमा किन विश्वका नाम चलेका हस्तीहरू सहभागी भएनन् त ? भन्ने प्रश्नको अन्तर्यमा प्रवेश गर्दा नेपालले अख्तियार गरेको विरोधाभासपूर्ण नीति नै मूल कारणका रुपमा देखा पर्दछ । टिकटक माथिको प्रतिबन्धले विश्व जनमतमा पारेको प्रभाव कति गम्भीर रहेछ भन्ने यसबाट पनि स्पष्ट हुन्छ । हाँस्यास्पद पक्ष त के भने सरकारले एकातिर टिकटक माथि प्रतिबन्ध लगाएको छ, अर्कोतिर टिकटकको माउ कम्पनी 'बाइटडान्स'लाई समेत लगानी सम्मेलनमा आमन्त्रण गर्न लज्जा महशुस गरेन । जुन देशमा चिनियाँ बहुर्राष्ट्रिय इन्टरनेट प्रविधि कम्पनी हो, जसको प्रधान कार्यालय चीनको राजधानी बेइजिङमा छ । सन् २०१२ मा चाङ यिमिङले स्थापना गरेको बाइटडान्स विश्वको ठूलो प्रविधि कम्पनीमध्ये एक हो, जसले सन् २०१७ मा टिकटक 'लन्च' गरेको थियो ।

२७ कात्तिक २०८० मा नेपाल सरकारले टिकटक बन्दको निर्णय गरेपछि युवा पुस्तामा सरकारप्रति आक्रोश र निराशा व्याप्त छ । टिकटक सूचना र मनोरञ्जनको प्रभावकारी माध्यमका रुपमा नेपाली समाजमा प्रख्यात थियो । यसले त्यति गम्भीर तहमा सामाजिक सद्भाव, मर्यादा र शील खलबल्याएको पनि थिएन, जति सरकारले दाबी गर्दै आएको छ । बरु, टिकटक मार्फत कुना-काप्चामा लुकेका, दबेका र मुखरित/सदृश्य हुन नपाएका प्रतिभाको कला उजागर भइरहेको थियो । पुराना गीत पुनः चर्चित भइरहेका थिए । युवा पुस्ताको मनोविनोदसँगै यसले निराशा र अवसादले गाँजेको समाजमा केही हदसम्म मनोरञ्जन र रोमाञ्च छरिरहेको थियो ।

विकृति त समाजको जुनसुकै क्षेत्रमा केही हदसम्म अवश्य हुन्छ । राजनीति नै विकृत र भ्रष्ट भएको हाम्रो समाजमा टिकटकले सामाजिक सद्भाव खलबल्याएको भन्ने सरकारी आक्षेपमा कुनै दम देखिँदैन । बरु, सरकारले आफ्ना गल्ती, कमजोरी, लाचारी र अनुत्तरदायी रवैयाबाट जनताको ध्यान अन्यत्र मोड्न यो नयाँ फन्डा ल्याएको हो कि भन्ने आशंका गर्न सकिन्छ । पहिलेका शासकहरू 'डिभाइड एन्ड रुल' ( फुटाऊ र राज गर)को नीति अपनाउँथे, अहिलेका शासक 'डाइभर्ट एन्ड रुल' (विषयान्तर गर र राज गर) नीति अपनाइरहेका छन् । टिकटकमाथिको प्रतिबन्ध यसकै एउटा कडी हुनसक्छ ।

टिकटक कम्पनीले नेपाल सरकारलाई पटक-पटक पत्र लेखेरै प्रतिबन्ध हटाउन आग्रह गर्दै आएको छ । गत ३० कात्तिकमा नेपाल दूरसञ्चार प्राधिकरण र २० मंसीरमा सञ्चार मन्त्रालयलाई पत्र लेख्दै नेपालको कानून अनुसार आफ्नो प्लाटफर्म चलाउने प्रतिबद्धता पनि टिकटकले व्यक्त गरिसकेको छ । टिकटक माथि प्रतिबन्ध लगाउनु केही दिनअघि सरकारले सामाजिक सञ्जाल सम्बन्धी निर्देशिका ल्याएको थियो । जसमा यस्ता प्लाटफर्म नेपालमा दर्ता गर्नुपर्ने, सम्पर्क कार्यालय खोल्नुपर्ने जस्ता प्रावधान छन् । पाँचबुँदे पत्रको पहिलो बुँदामै टिकटकले नेपालको कानूनी प्रक्रिया पूरा गर्न आफ्नो कम्पनी तयार रहेको स्पष्ट पारिसकेको छ । राष्ट्रव्यापी इन्टरनेट सुरक्षा र डिजिटल साक्षरता अभियान शुरु गर्न पनि टिकटक प्रतिबद्ध छ । शैक्षिक नतिजा सुधार्न विद्यालय र कलेज विद्यार्थीका लागि शैक्षिक सामग्री डिजिटलाइज्ड गर्न सहयोग गर्ने प्रतिबद्धता पनि टिकटकले जनाएको छ ।

टिकटकले यो हदसम्म प्रतिबद्धता जनाइसक्दा पनि सरकारले टिकटक माथिको प्रतिबन्ध फुकुवा गर्न कुनै तदारुकता नदेखाउनु विडम्बना हो । टिकटक बन्द गर्ने सरकारी निर्णयसँगै जनस्तरदेखि विज्ञसम्मले सरकारको आलोचना गर्दै आएका छन् । राजनीतिक, सामाजिक, भूराजनीतिक, भूरणनीतिक र आर्थिक, कुनै पनि कोणबाट सरकारको यो निर्णय जायज देखिँदैन । सर्वत्र यसको आलोचना मात्र भइरहेको छ । प्रश्न त के हो भने यत्रो आलोचना खेपेर पनि सरकार किन आफ्नो अलोकप्रिय निर्णयमै अडिग छ ? आखिर कसको स्वार्थका खातिर सरकारले यस्तो निर्णय गर्‍यो ? कसैकसैले यसलाई चीन विरोधी कदम भन्दै आए पनि यो त्यो हदसम्मको भूराजनीतिक निर्णय नहुन सक्छ, बरु सरकारले आफूबिरुद्ध टिकटक मार्फत पोस्ट भइरहेका जनप्रिय सामग्री माथि रोक लगाउने नियत राखेको हुनसक्छ ।

टिकटक बन्दको निर्णयले लगानी सम्मेलनलाई त प्रभाव पारिहाल्यो, अब यसका अन्य असरहरू विस्तारै सतहमा आउनेछन् । डायस्पोरिक संसार, रेमिट्यान्सको सघनता र वैदेशिक रोजगारीको पक्षमा समेत यसले नकारात्मक असर नपार्ला भन्न सकिन्न । विशेषगरी नेपालमा लगानी गर्न चाहने विदेशी कम्पनीसमेत हतोत्साहित हुनसक्ने खतरा छ । टिकटक माथि प्रतिबन्धको निर्णय सामान्यजस्तो लाग्ला, तर यसले सरकारको नियत उदांगो पारेकाले यसको गम्भीर असर पक्कै हुनेछ । सोसल मिडियाका लगानीकर्तालाई नेपालमा लगानी गर्न आह्वान गर्न आतुर सरकारले सञ्चालन भइरहेको सोसल मिडिया बन्द गर्नु उसको दोहोरो चाल हो भन्ने स्पष्ट बुझ्न सकिन्छ । सोसल मिडियाका लगानीकर्ता नेपालको नीतिनियमदेखि वाक्क दिक्क भइसकेका छन् । भन्ने एकथोक, गर्ने अर्कोथोक । सरकारको यो विरोधाभासपूर्ण नीति कै कारण उनीहरू नेपालमा लगानीको जोखिम मोल्न तयार छैनन् । यो हाम्रो अर्थतन्त्रका लागि प्रत्युत्पादक हो, समृद्धिको सपनाको बाधक पनि हो ।

अमेरिकन चेम्बर अफ कमर्स मुख्यालयमा अर्थमन्त्री वर्षमान पुनसँग बहुराष्ट्रिय कम्पनी कोकाकोला र संसारकै ठूलो सामाजिक सञ्जाल फेसबुक सञ्चालक कम्पनी मेटाका प्रतिनिधिले नेपाल सरकारको नीतिनियमप्रति गम्भीर प्रश्न उठाएका थिए । नेपाल सरकारले हालै सामाजिक सञ्जाल प्रयोगमा कडाइ गर्ने किसिमको निर्देशिका पारित मात्र गरेको छैन, विद्युतीय व्यापार नियमन गर्ने विधेयक राष्ट्रिय सभाबाट पारित भई प्रतिनिधि सभामा विचाराधीन छ । यी दुई कानून तथा निर्देशिकाबारे फेसबुकले अर्थमन्त्री पुनसँग गम्भीर चासो राखेबाटै सरकारको नीतिले लगानीकर्ता कसरी बिच्किदैछन् र आशंकित छन् भन्ने स्पष्ट हुन्छ ।

उक्त विधेयकमा फेसबुक, टिकटक र इन्स्टाग्राम जस्ता सामाजिक सञ्जालबाट वस्तु तथा सेवाको व्यापार भइरहेकोमा त्यसलाई कडाइ गर्ने किसिमका व्यवस्था छन् । विधेयकमा कुनै पनि विद्युतीय माध्यमबाट व्यवसाय गर्ने व्यवसायीले त्यसको दर्ता र सूचीकरण गर्नुपर्ने तथा भ्याटमा दर्ता हुनुपर्ने व्यवस्था पनि छ । मेटाले चासो लिनुको कारण हो- मेटाका विभिन्न प्लाटफर्म फेसबुकको मार्केटप्लेस, इन्स्टाग्राम लगायतमा ठूलो परिमाणमा अनलाइन व्यापार हुनु । यस्ता सञ्जालमार्फत व्यापार गर्नेहरू सबैजसो साना व्यवसायी छन् । यो विधेयकले त्यस्तो व्यापारमा अंकुश लगाउने हो कि भन्ने चासो मेटाको थियो । सरकारले भने मेटालाई आश्वस्त पार्न सकिरहेको छैन । माथि नै उल्लेख गरियो, सरकारको नीति नै विरोधाभासपूर्ण छ । यसैकारण विदेशी लगानीकर्ता नेपालको नीतिनियमप्रति विश्वस्त हुन सकिरहेका छैनन् ।

यो टिकटकको मात्र प्रश्न होइन । बहुराष्ट्रिय कम्पनीहरू पनि सरकारी नीतिबाट आजित भइरहेका छन् । नेपालको सबैभन्दा पुरानो विदेशी लगानीकर्ता मध्येको कोकाकोला कम्पनीले नेपालमा कर सम्बन्धी मुद्दा झेलिरहेको छ । कोकाकोलाको मुद्दा र एनसेलको कर सम्बन्धी मुद्दाको प्रकृति एउटै हो- बहुमत सेयर बेच्दा पुँजीगत लाभकर तिर्नुपर्ने विषय । तर, एनसेलको अनुसन्धान र कर निर्धारण आन्तरिक राजस्व विभागले गरेको थियो भने कोकाकोलाको अनुसन्धान राजस्व अनुसन्धान विभागले । एउटै कानून अनुसार भएका दुई अनुसन्धान र मुद्दाले पर्ने प्रभावमा भने आकाश-जमिनको अन्तर छ ।

राजस्व अनुसन्धानले दायर गरेकाले कोकाकोलाको मुद्दा फौजदारी हो । दोषी देखिएको खण्डमा जेल सजाय हुनुका साथै जरिवाना हुँदा बिगोसहित त्यसको दोब्बर तिर्नुपर्ने हुन्छ । यता आन्तरिक राजस्वले अनुसन्धान र मुद्दा हालेको भए कर र जरिवाना तिरे पुग्थ्यो । जेल सजाय हुने थिएन । उस्तै प्रकृतिका मुद्दामा राज्यले गर्ने फरक व्यवहारले विदेशी लगानीकर्ता बिच्किने खतरा छ ।




मेटाले जस्तै कोकाकोलाका वरिष्ठ उपाध्यक्ष माइकल गोल्जम्यानले पनि अर्थमन्त्रीसँग अप्रत्यक्ष रूपमा गुनासो राखेका थिए । यसबाट पनि नेपालमा वैदेशिक लगानीको वातावरण बिग्रिँदै गएको पुष्टि हुन्छ । कुनै लगानीकर्ता आउँछ भने ऊ नाफाकै लागि आउने हो । त्यसो हुँदा उनीहरूले दीर्घकालीन सुरक्षा खोज्नु स्वाभाविक नै हो । तर, सरकारले यो विषयलाई गम्भीरतापूर्वक लिइरहेको पाइँदैन ।

सारमा भन्नुपर्दा टिकटक बन्द हुँदा यसबाट समाज, राजनीति र भूराजनीतिमा मात्र होइन, अर्थतन्त्रमा पनि ठूलो असर परिरहेको छ । सकारात्मक र नकारात्मक असरको गम्भीर अनुसन्धान र मूल्यांकन नै नगरी सनककै भरमा हठात् टिकटक बन्द गर्दा यसले टेलिकम कम्पनीहरूमा व्यापक असर परिरहेको छ । टिकटक बन्दयताका पाँच महिनामा मात्रै टेलिकम सेवा प्रदायक कम्पनीहरूको आम्दानी करिब तीन अर्ब रुपैयाँले घटिसकेको छ । टिकटक बन्द भएपछि हालसम्ममा यसको ब्यान्डविथ खपत घटेको आधारमा एनसेलले मात्रै करिब डेढ अर्ब रुपैयाँ गुमेको तथ्यांक छ ।

एनसेलले सरकारको नीतिगत व्यवस्था तथा नियामककै कारण पछिल्लो छ वर्षमा १३ अर्ब रुपैयाँ आम्दानी गुमाएको छ । एनसेलको मात्र होइन, सोही अनुपातमा नेपाल टेलिकमको पनि आम्दानी घटेको छ । टेलिकमको डेटा प्रयोगकर्ता एनसेलको भन्दा १० प्रतिशत कम भएकोले टिकटक बन्द भएकै कारण एक अर्ब ३० करोड हाराहारीमा आम्दानी गुमेको छ । यति मात्र होइन, टिकटकको निःशुल्क प्रयोगबाट साना व्यापार (किराना, फेन्सी, होटल, होमस्टे, क्लिनिक, फार्मेसी, तरकारी, रेस्टुरेन्ट वा ब्युटीपार्लर) फस्टाएको थियो । टिकटक विज्ञापनको लोकप्रिय माध्यम बनेको थियो । टिकटकमा गरिएको प्रचारकै कारण जुनसुकै ठाउँको सामान उपभोक्ताले सहजै पाउँथे । यो बन्द गरिँदा देशभरि सेवा र सामान बेच्ने साना व्यापारी तथा खरिदकर्ताको बढ्दो प्रयोगको औजार खोसिएको छ ।

नेपालको पर्यटन प्रवर्द्धनमा पनि टिकटक भरपर्दो सहायक बनेको थियो । नेपालको प्राकृतिक र सांस्कृतिक विशेषता संसारभर फैलाउने मामिलामा नेपाल पर्यटन बोर्ड वा पर्यटन मन्त्रालयले भन्दा बढी प्रभावकारी भूमिका टिकटकको थियो । पछिल्लो समय नेपाल आउने पदयात्री, पर्वतारोही तथा अन्य पर्यटकले टिकटकबाट जति प्रचार गरे, सायद त्यो अर्बौंको बजेटले पनि नपाइने प्रचार थियो । सरकारले यो महत्वपूर्ण पाटोलाई बेवास्ता गरेर पर्यटनको विस्तारलाई नै पासो लगाएको स्पष्टै छ ।

पक्कै पनि, हरेक कुरामा सकारात्मक र नकारात्मक दुबै पक्ष हुन्छन् । टिकटक अवगुणरहित छ भन्न खोजिएको होइन । तर, कुनै पनि माध्यममा देखापर्ने विकृति र विसंगतिको समाधान प्रतिबन्ध किमार्थ होइन । हाम्रो समाजमा टिकटकले मात्र सामाजिक सद्भावमा खलल पुऱ्याइरहेको होइन । अन्य सामाजिक सञ्जालबाट पनि विकृति फैलिएकै छन् । तर, आजको खुला र उदार समाजमा यस्ता माध्यमलाई उचित नियमन र आचारसंहिता ल्याउनुको साटो बन्द नै गर्नु वाञ्छनीय होइन । फेसबुक र युट्युब खुलै छाडेर टिकटक मात्र बन्द गर्दा सरकारको दलिल झन कमजोर भएको छ । टिकटकप्रति सरकार पूर्वाग्रही भएको सन्देश गएको छ ।

सामाजिक सञ्जाल टिकटक माथि प्रतिबन्ध लगाइएपछि नेपालमा भीपीएनको प्रयोग ह्वात्तै बढेको छ । नियमित रूपले नेपालभित्र टिकटक चल्न छाडेपछि वैकल्पिक उपायको खोजीमा फ्री भीपीएन, प्रोक्सी, ओपन डीएनएस तथा निःशुल्क एप डाउनलोड गरेर त्यसमा पहुँच राखिरहेका छन् । इन्टरनेटमा उपलब्ध हुने फ्री भीपीएन, प्रोक्सी, ओपन डीएनएस तथा निःशुल्क एप चलाउँदा डाटा सुरक्षाको जोखिम बढेको छ । भीपीएनले इन्टरनेट प्रयोगकर्ताको वास्तविक लोकेसन (स्थान) लुकाइदिन्छ र इन्टरनेटसँग जोडिएका स्थानीय बन्देजलाई हटाइदिन्छ । साधरणतया अनलाइन हुँदा प्रयोग गरिरहेको उपकरणबाट इन्टरनेट सेवाप्रदायकको माध्यम हुँदै प्रयोगकर्ता व्यापक इन्टरनेटको सञ्जालमा जोडिन्छन् । तर, भीपीएनले प्रयोगकर्ताको गतिविधि अर्को देशमा रहेको कम्प्युटर प्रणाली मार्फत देखाइदिन्छ ।

'इन्टरनेट सेवा प्रदायकले प्रयोगकर्ताले भीपीएन प्रयोग गरेको थाहा त पाउँछ । तर, के चलाइरहेको छ भन्ने पत्ता लगाउन सक्दैन । यसबाट साइबर आक्रमण र डाटा असुरक्षा निम्तिन सक्छ । गलत उद्देश्य राखेर निर्माण गरिएका कतिपय भीपीएनले प्रयोगकर्ताको गतिविधि गैरकानूनी रूपमा निगरानी तथा जासुसी गरेर 'थर्ड पार्टी'लाई डाटा बेच्ने काम गर्नसक्छ, त्यसैले भीपीएन चलाइरहँदा त्यसबाट हुनसक्ने खतारामा प्रयोगकर्ता सचेत हुनुपर्छ । विशेष सुरक्षा अपनाएर निर्माण गरिएका यस्ता सुरक्षित भीपीएनहरूले डाटा सुरक्षामा खतरा बढाउँदैनन्, तर सार्वजनिक रूपमा निःशुल्क उपलब्ध भीपीएन प्रयोग गर्दा भने प्रयोगकर्ताको डाटा चोरी हुने जोखिम बढ्न सक्छ। आम भीपीएन प्रयोगकर्तालाई सुरक्षित भीपीएनबारे जानकारी नहुँदा पनि जोखिम बढिरहेको हो ।

पछिल्लो समय सामाजिक सञ्जाल मार्फत् हुने अपराधका उजुरी बढ्दै गएका छन् । साइबर अपराधका कारण अहिले विश्वका धेरै मुलुक आतंकित छन् । नेपाल पनि साइबर अपराधको चपेटामा परेको छ । विद्युतीय माध्यमबाट हुने अपराध दिनानुदिन बढ्दै गएको छ । त्यसमध्येको एक हो- टिकटक । टिकटक मार्फत् अपराधजन्य क्रियाकलाप गर्नेको संख्या पनि धेरै छन् । सरकारले टिकटक बन्द गर्नुको साटो यस्ता पक्षमा ध्यान दिएको भए हुन्थ्यो भन्ने विज्ञहरूको पनि राय छ । निःशुल्क रूपमा उपलब्ध भएका भीपीएन प्रदायक कम्पनीहरूले प्रयोगकर्ताका डाटा ब्राउजिङ हिस्ट्री, लोकेसन र अन्य थुप्रै गोप्य कुरा भण्डारण गरेर राखेका हुन्छन् । त्यसैले प्रयोगकर्ता आफैं पनि सचेत हुनुपर्छ ।'

सबै भीपीएन रोक्न सम्भव छैन । भीपीएन पूर्णरूपमा रोक्न डोमेन 'ब्लक' तथा 'कन्टेन्ट फिल्टरिङ'का लागि पर्याप्त पूर्वाधार चाहिन्छ । इन्टरनेट सेवा प्रदायक कम्पनी र नेपाल सरकारसँग समेत यस्तो प्रविधि र पूर्वाधार छैन । यसका लागि सरकारले ठूलो राशि खर्च गर्नुपर्छ । यति गरे पनि भीपीएन पूर्ण रूपमा 'ब्लक' गर्ने भन्ने कुरा प्रविधिको संसारमा असम्भवजस्तै छ । अतः सरकारले यथाशीघ्र टिकटक माथिको प्रतिबन्ध फुकुवा गरोस् र प्रयोकर्ताको असुरक्षा हटाओस् ।

विश्वव्यापी खुलापन, लोकतन्त्र, अभिव्यक्ति स्वतन्त्रताको युगमा निरंकुश शासनमा झैं सूचना, मनोरञ्जन र दूर सम्पर्कको माध्यममाथि प्रतिबन्ध लगाउनु लोकतान्त्रिक आचरण कदापि होइन । बरु यसले विस्तारै सूचना र मनोरञ्जनका अन्य माध्यम माथि पनि अंकुश लाग्ने हो कि भन्ने आशंका बढ्ने र सरकार झन् अलोकप्रिय हुने निश्चित छ । र, यस्ता निर्णयले आगामी निर्वाचनमा समेत असर पर्ने अर्को खतरा पनि छ । उदाउँदो नयाँ पुस्ता, नयाँ शक्ति र दलको पक्षमा जनमत तयार हुने भनेको सरकारको यस्तै गलत निर्णयले पनि हो । टिकटक माथिको प्रतिबन्ध सरकारले आफ्नो गोडामा आफैंले बन्चरो हाने सरह हो । समयमै सरकारलाई यसको हेक्का रहोस् ।

# बञ्चरोको बिंडले हानेर बाबुको हत्या

– विमल दहाल

**इलाम, जेठ १९।** इलाममा छोराले बाबुलाई कुटेरै हत्या गरेका छन् । माई नगरपालिका-१० खाल्टे निवासी ३० वर्षीय राम राईले ६६ वर्षीय बुवा दिलबहादुर राईलाई बञ्चरोमा प्रयोग गर्न तयार गरी राखिएको बिँडले कुटपिट गरी हत्या गरेका हुन् ।

घरमा बसिरहेका साइनोमा काका समेत रहेका दिलबहादुरलाई झट्केलो छोरा राम राईले पैसा माग्दा बाबुले आफूसँग नभएको भनेपछि बिँड बनाउन राखिएको लौरोले कुटपिट गरेको र उपचारका लागि बिर्तासिटी अस्पताल पुऱ्याउँदा ज्यान गएको लोदिया प्रहरी चौकी दानाबारीका बरिष्ठ प्रहरी नायव निरीक्षक कैलाशकुमार केसीले बताए ।

केसीले भने- 'सामान्य घरायसी विवादमा बाबुसँग पैसा माग्दै वृद्ध रहेका बाबुलाई कुटपिट गरी झट्केलो छोरा राईले बुवाको हत्या गरेका रहेछन् ।'

हत्या आरोपी राई धेरै समय गाउँघरमा नै रहने र बेलाबखत घरमा आई बाबु-आमाबाट नगद लिई जाने गरेको बताइएको छ । हत्यापछि फरार रहेका छोरा राम राईलाई घटना भएको ४८ घण्टापछि लोदिया प्रहरी चौकी दानाबारी, महमाई प्रहरी चौकी, चिसापनी प्रहरी चौकी र स्थानीयको संयुक्त टोलीले माई-१० को सालबोटेको जंगलबाट भाग्दै गरेको अवस्थामा नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

पछिल्लो समयमा अपराधिक घटना बढे सँगै प्रहरीको सक्रियता र अपराध नियन्त्रणमा लोदिया प्रहरीले पनि उल्लेख्य सफलता प्राप्त गरिरहेको स्थानीयले बताएका छन् ।

## लागूऔषधसहित छ जना पक्राउ

**सुनसरी, जेठ १९।** उदयपुर र पाँचथरबाट लागूऔषधसहित छ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

लागूऔषध बेचबिखान भइरहेको छ भन्ने विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पाँचथरबाट खटिएको प्रहरी टोलीले पाँचथरको फिदिम नगरपालिका-१० घर भई हाल फिदिम-११ स्थित बस्दै आएका ३० बर्षीय हुसेनबहादुर कटुवाललाई शंकास्पद अवस्थामा फेला पारी चेकजाँच गर्दा उनको साथबाट दुई ग्राम सात सय मिलिग्राम ब्राउनसुगर, ट्रामाडोल ४५ ट्याब्लेट, स्पाइस्पेन छ ट्याब्लेट र नगद तीन हजार सात सय ९० रुपैयाँ फेला पारी नियन्त्रणमा लिएको हो ।

त्यस्तै उदयपुरको त्रियुगा नगरपालिका- ६ स्थितमा प्रहरी चौकी लालपत्ताबाट खटिएको प्रहरी टोलीले बा.९५ प. ९५१२ नम्बरको मोटरसाइकलबाट डाईजेपाम, फेनारागन र बुप्रिनोर्फिन गरी जम्मा चार सय ११ एम्पुल नियन्त्रित औषधि बरामद गरेसगै मोटरसाइकल चालक त्रियुगा-११ का २८ बर्षीय प्रमेश भन्ने अमरबहादुर कार्की र मोटरसाइकल पछाडि सवार त्रियुगा- १२ का २१ बर्षीय राजेश भन्ने चन्द्रबहादुर कार्कीलाई समेत पक्राउ गरेको हो ।

अस्थाई प्रहरी चौकी सिनुवारी सुनसरीबाट खटिएको प्रहरी टोलीले देवानगञ्ज गाउँपालिका-६ बाट को १ ह २०५२ नम्बरको अटोलाई चेकजाँच गर्दा उक्त अटोमा लुकाईछिपाई ल्याउदै गरेको २८ के.जी. ३ ग्राम गाँजा बरामद गरेसगै अटो चालक धरान- १६ का २० बर्षीय अर्जुन राई, अटोमा सवार २० बर्षीय प्रविन राई र १७ बर्षीया अन्जना तामाङलाई पक्राउ गरेको छ । लागूऔषधसहित पक्राउ परेका छ जना माथि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# करफोकमा ‘कुहिरो बेच्ने’ प्रयास

**पशुपतिनगर, जेठ १९।** इलामको करफोक हरियालीभित्र हुस्सु र कुहिरोले ढाकिरहने ठाउँ हो । तराईको अचाक्ली गर्मी छल्न आउनेका लागि करफोक क्षेत्र प्राकृतिक ‘एयर कन्डिसन’ बन्ने गर्छ ।

धुपी घारीको बीचमा सजिएको करफोकमा कुहिरोभित्र लुकामारी गर्न पाउँदा पर्यटक आनन्दित बन्ने गरेका छन् । करफोक पञ्चकन्या क्षेत्रमा पछिल्लो समय ग्रामीण पर्यटन प्रवर्द्धन गर्नका लागि सामुदायिक घरबास ( होमस्टे) सञ्चालन गरिएको छ ।

करफोक खलङ्गा सामुदायिक होमस्टे पर्यटन कार्यालय काँकरभिट्टामा दर्ता गरी यहाँका सात परिवारले एक पटकमा ५० जना पर्यटक बास बसाउने गरी घरबास कायक्रम सञ्चालन गरिएको छ । काठैकाठले निर्माण गरिएका चिटिक्क परेका घरमा पाहुनाको स्वागत सत्कार गर्न थालिएपछि अहिले करफोकमा पर्यटकको भिड लाग्न थालेको छ ।

पर्यटन व्यवसायी तथा पत्रकार केदार शर्माले सूर्योदय नगरपालिकासहित इलामले अब मौसमी पर्यटन प्रवर्द्धन गर्नुपर्ने बताए । उनले भने- ‘हामीले यहाँको कुहिरो बेच्न सकेका छैनौं, अब कुहिरो बेच्न सक्नु पर्छ ।’ उनले मौसम अनुसार पर्यटकका लागि प्याकेज निर्माण गर्न सके पर्यटकको आवागमन बढ्न सक्ने बताए । शर्माले पछिल्लो समय करफोकमा घरबास सञ्चालन गर्दै आएका छन् ।

त्यस्तै घरबास सञ्चालन गर्दै आएका चन्द्र सापकोटाले



पर्यटकले रुचाउने मौसम भएकै कारण करफोकमा होमस्टे सञ्चालन गरिएको बताए । सापकोटाले सूर्योदय नगरपालिकाबाट परिकार बनाउने र स्थानीयस्तरमा खेती प्रविधिको तालिम पाएपछि घरबास शुरु गरिएको जानकारी दिए । सापकोटासँगै करफोकमा ज्योति अधिकारीसहितका सात परिवारले एक घरमा आठ जनाका दरले पर्यटकलाई बास बसाउने गरी होमस्टे सञ्चालन गरेका छन् । ‘धेरै ठाउँका होमस्टेको अध्ययन गरेर रैथाने खानाका परिकार मात्र चखाउने गरी होमस्टे सञ्चालन गरेका हौं’ -अधिकारीले भने ।

पर्यटन कार्यालय काँकरभिट्टाले करफोकका होमस्टेको प्रचार गर्दै इलामको पर्यटन प्रवर्द्धन गर्न सरोकारवालासँग छलफल गरेको छ । साविकको मेची अञ्चलको झापा, इलाम, पाँचथर र ताप्लेजुङको पर्यटन प्रवर्द्धनको क्षेत्रमा काम गर्दै आएको कार्यालयले यी क्षेत्रको पर्यटन विकासका लागि सरोकारवालाको सुझाव समेत सङ्कलन गरेको हो ।

कार्यालय प्रमुख छवि खतिवडाले ग्रामीण पर्यटन प्रवर्द्धन र विकासका लागि स्थानीयको आवश्यकता अनुसार काम गर्न सरोकारवालाको सुझाव लिएको बताए । उनले भने- ‘हामीले धेरै स्थानका होमस्टे अवलोकन गर्दा पूर्वमा पाहुना सत्कार (हस्पिटालिटी) मा ध्यान दिन आवश्यक देखिन्छ ।’ प्रमुख खतिवडाले कार्यालयले गर्दै आएका गतिविधिको कार्यपत्र प्रस्तुत गरेका छन् । कार्यक्रममा पर्यटक कार्यालय काँकरभिट्टाकै कर्मचारी निरोज कट्टेलले पर्यटकको अवस्थाबारे प्रस्तुतीकरण गरे । उनले कार्यालयले पर्यटकीय गन्तव्यको पहिचान गर्ने, सूचीकृत गर्ने र स्थानीय उत्पादनको ब्रान्डिङ गर्ने काम गर्दै आएको बताए ।

इलामको पर्यटनका सवालमा भएको छलफलमा होटल व्यवसायी सङ्घ इलामका अध्यक्ष देवी पौडेलले मेची कोरिडोरमा रहेका पर्यटकीय गन्तव्य र यहाँ गरिने कार्यक्रमको वार्षिक क्यालेन्डर निर्माण गर्न सुझाव दिए । उनले एउटै मितिमा धेरै स्थानमा कार्यक्रम हुँदा पर्यटक अलमलमा पर्ने गरेको बताए । पौडेलले पर्यटन क्षेत्रमा काम गर्ने साना व्यवसायलाई दर्ता गर्न, सूचना केन्द्र स्थापना गरी पर्यटकका लागि प्याकेज निर्माण गर्न र प्रविधि सम्बन्धी तालिम सञ्चालन गर्न सके पर्यटन क्षेत्रमा सुधार गर्न सकिने बताए । स्थानीय होटल व्यवसायी, होमस्टे व्यवसायी, पर्यटनकर्मी र जनप्रतिनिधि सहभागी रहेको कार्यक्रममा पर्यटन क्षेत्रका विभिन्न समस्या औँल्याइएको थियो ।

सूर्योदय नगरपालिकाका नगर प्रमुख रणबहादुर राईले पर्यटन क्षेत्रको विकासका लागि तीनै तहका सरकारबीच समन्वयको खाँचो रहेको बताए । उनले कोशी प्रदेश सरकारले सूर्योदय नगरपालिकालाई पर्यटकीय नगरी घोषणा गरे पनि हालसम्म स्पष्ट रणनीति बन्न नसक्दा समस्या भएको बताए । अहिले इलाम आएका पर्यटक मध्ये ७० प्रतिशत पर्यटक सूर्योदयको कन्याम, अन्तु, फिक्कल करफोकबाटै फर्किने गरेका छन् । ३० प्रतिशत पर्यटक मात्र इलामका अन्य क्षेत्रमा जाने गरेका पाइएको छ ।

करफोक क्षेत्रमा नेपालकै पुरानो विद्यालय मध्येको करफोक विद्या मन्दिर माध्यमिक विद्यालय, धुपीघारी, पञ्चकन्या मन्दिर, ऐतिहासिक खलङ्गा गडी, पुर्णेडाँडा, स्वामीपार्क जस्ता पर्यटकीय स्थल छन् । नगरले कन्यामदेखि पुर्णेडाँडासम्मको १२ किलोमिटर लामो ‘साइक्लिङ ट्रयाक’ समेत निर्माण गरिरहेको छ ।

सरोकारवालाले इलामका सबै पालिकाले पर्यटन सम्बन्धी गुरु योजना निर्माण गर्न सुझाव दिएका छन् । इलाम नगरपालिकाको पर्यटन समितिका सदस्य राजेन्द्र बरालले अन्तरपालिका समन्वय आवश्यक रहेको बताए । इलाममा सानाठूला गरी चार सयको हाराहारी होटल तथा एक सयको हाराहारीमा घरबास रहेका छन् ।

# स्वास्थ्य सेवा बिस्तार गर्दै बिर्तामोड नगरपालिका



**कमल, जेठ १९।** बिर्तामोड नगरपालिकाले स्वास्थ्यको क्षेत्रमा ठूलो फड्को मारेको छ । नगरपालिकाले पछिल्लो समय आमनगरबासीलाई सहज र सुलभ रुपमा स्वास्थ्य सेवा पु¥याउन लागीपरेको छ ।

पूर्वाधार विकासका साथै स्वास्थ्यको क्षेत्रमा नगरपालिकाले यति धेरै फड्को मारेको स्थानीयबवासी बताउँछन् । नगरबासीलाई सहजरुपमा स्वास्थ्यसेवा उपलब्ध गराउनका लागि नगरपालिकाले स्वास्थ्यको क्षेत्रमा धेरै काम गरिरहेको छ, जसले आमनगरबासीलाई फाइदा पुगेको छ ।

नगरबासी स्वास्थ्य भएमात्र समग्र नगरको मुहार फेरिन्छ भन्ने उद्देश्यका साथ नगरपालिकाले स्वास्थ्यको क्षेत्रलाई उच्च प्राथमिकतामा राखेर विभिन्न कार्यक्रम गरिरहेको छ । नगरपालिकाभित्र बसोवास गर्ने हरेक नागरिकलाई सहज र गुणस्तरीय स्वास्थ्य सेवा पु¥याउनका लागि नगरपालिकाले नगर अस्पताल सञ्चालनमा ल्याएको हो । अस्पताल सञ्चालनमा आएपछि नगरबासीलाई आफ्नै आगनमा उपचार गराउन धेरै सहज भएको छ ।

नगरपालिकाले गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि नगर अस्पतालमा विशेषज्ञ डाक्टरका साथै आवश्यकपर्ने सेवा समेत थप गर्दै लगेको छ । जस अन्तर्गत भिडियो एक्रे, ईसीजी, ल्याव सेवा सञ्चालनमा छन् भने २४ घण्टा गर्भवती महिलाका लागि प्रसुती कक्ष (वर्थिङ्ग सेन्टर) समेत सञ्चालनमा ल्याएको छ ।

त्यस्तै नगरलाई क्षयरोगमुक्त नगरपालिका बनाउन विभिन्न कार्यक्रम समेत सञ्चालनमा ल्याएको बिर्तामोड नगरपालिकाका जनस्वास्थ्य अधिकृत राजीवकृष्ण बिष्ट बताउँछन् ।

नगर अस्पताल सञ्चालनमा आएपछि स्वास्थ्य सम्बन्धी समस्या उपचार गराउन पाउँदा समय र पैसाको बचत भएकोले खुशी भएका छन् भने स्वास्थ्य बिमाको प्रथम विन्दुका साथै सम्पूर्ण सेवा यसै अस्पतालबाट हुने भएकोले बिरामीलाई थप सहुलियत हुनुका साथै सुविधा भएको सेवाग्राही लक्ष्मीदेवी कार्की बताउँछिन् ।

अस्पतालमा विरामीको चाप बढेसँगै त्यसलाई व्यवस्थित गर्दै उपचार सेवालाई प्रभावकारी बनाउन विशेषज्ञ डाक्टरहरूको सेवा समेत थपिएका छन् भने ल्यावका साथै भिडियो एक्स-रे, ईसीजी लगायतका विभिन्न उपकरण समेत थप गरिएको छ । अस्पतालमा आएका सेवाग्राहीले समयमै उपचार गराउन सकुन् भन्ने उद्देश्यले बिहान ८ बजेदेखि नै ओपिडी सञ्चालनमा ल्याएको र २४सै घण्टा प्रसुती सेवा समेत शुरु गरिएको नगर अस्पतालका जनस्वास्थ्य निरीक्षक कृष्ण काफ्लेले बताए ।

अस्पतालप्रति नागरिकको जनविश्वस बढिरहेकाले दैनिक रुपमा स्वास्थ्य परीक्षण गराउन आउनेक्रममा समेत वृद्धि भएको छ । अहिले मौसमी फ्लू, रुघा खोकी, छालाको समस्या लगायतका बिरामी बढी मात्रामा अस्पताल आउने गरेको बताइएको छ । आमनागरिकलाई स्वास्थ्य सम्बन्धी जनचेतना कम भएका कारणले समेत अस्पतालमा विरामीको चाप बढ्ने गरेको नगर अस्पतालका बालरोग विशेषज्ञ डाक्टर रविन रेग्मी बताउँछन् ।

गत फागुन २० गते प्रथम वार्षिकोत्सवको मनाएको अस्पतालमा पछिल्लो समय अस्पतालप्रति आमनगरवासीको विश्वास बढिरहेको छ । यसले पनि अस्पतालमा दिनानुदिन सेवाग्राहीको भिड हुने गरेको छ । अस्पतालमा आएका सेवाग्राहीहरूलाई पर्याप्त मात्रामा सेवा प्रवाह गर्न हामीसँग भएको न्यूनतम जनशक्तिलाई अधिकतम् प्रयोग गरेर सेवा प्रदान गरिरहेको अस्पताल प्रशासन प्रमुख विमल पोखेल बताउँछन् । तर, यही जनशक्तिले सधैँभरि धान्न सक्ने अवस्था छैन यसका लागि थप जनशक्ति व्यवस्थापन गर्नेतर्फ अस्पताल प्रशासन लागिपरेको पोखेलले जानकारी दिए ।

नगर अस्पताल सञ्चालनका लागि नीति तथा कार्यक्रम बनाएर काम गरिरहेको नगरपालिका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला बताउँछन् । तर, रकम अभावका कारण निर्माणाधीन अस्पतालको भवन पूरा हुन नसकेको संग्रौलाको भनाइ छ । स्वास्थ्य सम्बन्धी ऐन पास गरिसकेको र आगामी दिनमा नगरबासीलाई सहजरुपमा स्वास्थ्य सम्बन्धी सम्पूर्ण सेवा उपलब्ध गराउनेगरी नगरपालिका लागीपरेको उपप्रमुख संग्रौला बताउँछन् । २०७४ सालमा शहरी स्वास्थ्य केन्द्रका रुपमा स्थापना भएको अस्पताललाई अहिले नगर अस्पतालमा स्तरोन्नति गरी जनतालाई स्वास्थ्य सेवा प्रदान गरिरहेको छ ।

नेपाल सरकाबाट निःशुल्क रुपमा प्रदान गरिने सबै औषधि नियमित रुपमा वितरण भइरहेको नगरपालिकाकी प्रमुख पवित्रा महतारा प्रसाई बताउँछिन् । उनले अन्य पालिकाको तुलनामा बिर्तामोड नगरपालिका व्यापारिक केन्द्र भएकोले नगरबासी कै हाराहारीमा अन्यत्रबाट आएका नागरिकलाई समेत नगरको तर्फबाट नियमित रुपमा औषधि उपलब्ध गराउनुपर्ने भएकोले नियमित रुपमा औषधि उपलब्ध हुन नसकिरहेको बताइन् । तर, पनि नगरको आर्थिक स्रोतले भ्याएसम्म काम गरिरहेको नगर प्रमुख प्रसाईले बताइन् ।

नगरपालिकाले हरेक नगरबासीलाई सर्वसुलभ र सहजरुपमा स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको छ । नगर अस्पतालका साथै हरेक वडामा सञ्चालनमा भएका आधारभूत स्वास्थ्य केन्द्रबाट समेत नागरिकलाई सेवा प्रदान गरिरहेको छ । नगरपालिकाले स्वास्थ्य शाखा मार्फत नेपाल सरकारबाट सञ्चालनमा रहेका नियमित कार्यक्रमलाई समेत प्राथमिकतामा राखेर काम गरिरहेको छ ।

## वडाध्यक्षसँग विद्यार्थी

**बिर्तामोड, जेठ १९।** कनकाई नगरपालिकाको वडा नं. ७ स्तरीय सरस्वती वडा बाल सञ्जालले बालविवाह, आत्महत्या, बालश्रम, लागूऔषध, साइबर अपराध सम्बन्धी सचेतनामूलक कार्यक्रम तथा वडाध्यक्षसँग बालबालिका कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रमलाई दुई चरण विभाजन गरी पहिलो चरणमा अभिमुखीकरण कार्यक्रम र दोस्रो चरणमा वडाध्यक्षसँग बालबालिका कार्यक्रम गरी एकै दिन दुई वटा कार्यक्रम सञ्चालन गरिएको वडा बाल सञ्जाल अध्यक्ष सुप्रीम पौडेलले बताए । वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा बनाउनका निमित्त वडा नं. ७ को सहयोगमा सरस्वती वडा बाल सञ्जाल क्रियाशील रुपमा कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ ।

त्यस्तै बालबालिकाको समस्या, सुझाव, जिज्ञासाहरु सम्बन्धित निकायसम्म पु¥याएर त्यसै अनुरुप समस्याहरु निराकरण गर्न वडालाई ध्यानाकर्षण गराउँदै बालबालिकाको हक अधिकार सुनिश्चितता हुने विश्वासका साथ उक्त कार्यक्रम गरिएको कनकाई नगर बाल सञ्जाल आईटी संयोजक तथा सरस्वती वडा बाल सञ्जाल सचिव रिजन तिम्सिनाले बताए ।

बालबिबाह, आत्महत्या, लागूऔषध, बालश्रम, साइवर अपराध अभिमुखीकरण कार्यक्रमको इलाका प्रहरी कार्यालयका इञ्चार्ज प्रवीण भट्टराईले जानकारी दिएका थिए । कार्यक्रममा वडाध्यक्ष भीषमभुषण सिटौला, वडा सदस्य निर्मल आङथुप्पो, बाल कल्याण अधिकार उमानाथ ढकाल, लायन्स क्लव अफ दुर्गापुरका अध्यक्ष तिलोचन रिजाल, वडा सचिव तुलसा थापा, फक्तालुङ एजुकेसन फाउन्डेशन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दुर्गा नेम्वाङ, प्रिन्सिपल ओमविक्रम नेम्वाङ, भृकुटी मावि सहायक



प्रधानाध्यापक कुमार खरेल, बाल सञ्जाल पदाधिकारी, बाल क्लव शिक्षक संरक्षक देउकुमारी रुचाल, तारा उप्रेती लगायत विद्यार्थीको उपस्थिति रहेको थियो ।

बालबालिकाहरुले वडाध्यक्षलाई बालविवाह, लागूऔषध बिक्रीवितरण, बालिका हिंसा, बालबालिकाको नीति तथा कार्यक्रम, बाल सहभागिता, बालमैत्री सूचक अन्तर्गत प्रश्न सोधेका थिए ।

सरस्वती वडा बाल सञ्जालका अध्यक्ष पौडेलको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव रिजन तिम्सिनाले गरेका थिए भने स्वागत उपाध्यक्ष अम्बिका गोस्वामीले राखेकी थिइन् । कार्यक्रममा सडक नाटक मञ्चन समेत गरिएको थियो ।


**बराल ट्याक्सी सर्भिस**

दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे

सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१६९४०१७३
मे १ ज १६७०

**ताजा र विश्वसनीय समाचारका लागि**
www.purwanchaldaily.com
लगइन गरौ ।

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क :
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा नपा– ४, झापा

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्ब, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२
९८०१३६४०९३

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*

सम्पर्क :
देवराज गिरी ९७०६१९६४०६, ९८४२०७०५८६
विशाल हरिजन ९८१४९१७७११, ९८४२७३३६१२

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा**

स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ **डाक्टर अनिलकुमार महतो** यही **जेठ २६ गते शनिबार** स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।

**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन । घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

समय : बिहान ८:०० देखि ३:००

**स्पार्क पूर्वाञ्चल अस्पताल,**
कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८५२६७५०३३, ९८१४०३२६६२




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
स्वास्थ्य प्रतिकुल बन्नेछ, छोटो दूरीको कष्टकर यात्रा हुने सम्भावना रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
अनावश्यक झञ्झटमा परिन सक्छ, धर्मकर्ममा रूची बढेर जानेछ, काम शुरू गर्नुअघि कुलदेवताको सम्झनु होला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
खर्चको मात्रा बढेर जानेछ, टाउको सम्बन्धी समस्या बढ्न सक्छ, मन अशान्त रहनेछ, आफन्तको सहयोगले गरेको काममा सफलता मिल्नेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
लामो दुरीको यात्रा हुनेछ, हतारको निर्णयले काम बिग्रन सक्छ, आम्दानीको लागि कडा परिश्रम गर्नुपर्नेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
बोलिमा विचार पु¥याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, स्वास्थ्यमा समस्या देखिन सक्छ, खानपानमा सतर्कता अपनाउनुहोला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
उत्तरार्द्धपछि काम बन्ने योग छ, दिगो फाइदा हुने काम बन्नेछ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन्

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
तपाईको आजबाट आयआर्जनको श्रोत बढ्नेछ, माया-प्रेमको डोरो कसिलो भएर जानेछ । साथीभाइले साथ दिनेछन् ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
समय सामान्य रहेको छ, खर्च बढेर जानेछ, काम सफलता नहुँदा मन खिन्न रहला, स्वास्थ्यमा गडबडीको योग रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
तपाईको मन अशान्त र निराश रहने छ, व्ययभार धान्न नसकेर मन चिन्तित रहला । बेलुकीपख खुशीको खबर सुनिने छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला, आफ्नाबाट टाढिनुपर्ने स्थिति आउन सक्छ, अवसरका लागि निक्कै दौडधुप गर्नुपर्ने समय रहेको छ ।